# नियमनकारी तथा सुपरिवेक्षकीय निकायहरु सँग अन्तरक्रिया कार्यक्रम




वित्तीय जानकारी इकाईले मिति २०८०, जेठ २४ गते काठमाडौं म्यारियट होटेलमा गभर्नर महा प्रसाद अधिकारीको प्रमुख आतिथ्यमा सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका लागि नियमनकारी तथा सुपरिवेक्षकीय निकायहरुसँग अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

उक्त कार्यक्रममा सूचक संस्थाहरु- वित्तीय संस्था तथा गैरवित्तीय पेशाकर्मी/व्यवसायीका नियमनकारी/सुपरिवेक्षकीय निकायहरु क्रमशः नेपाल राष्ट्र बैंक *(बैंक सुपरिवेक्षण विभाग, बैंक तथा वित्तीय संस्था नियमन विभाग, भुक्तानी प्रणाली विभाग, विदेशी विनिमय व्यवस्थापन विभाग, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग, वित्तीय संस्था सुपरिवेक्षण विभाग, लघुवित्त संस्था सुपरिवेक्षण विभाग)*, नेपाल धितोपत्र बोर्ड, नेपाल बीमा प्राधिकरण, सहकारी विभाग, आन्तरिक राजश्व विभाग, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, भूमि व्यवस्थापन तथा अभिलेख विभाग, नेपाल नोटरी पब्लिक परिषद्, नेपाल चार्टर्ड एकाउन्टेन्स संस्था, कम्पनी रजिष्ट्रारको कार्यालय र नेपाल कानून व्यवसायी परिषद् बाट प्रतिनिधि/कर्मचारीको सहभागिता रहेको थियो । कार्यक्रममा अनुसन्धानकारी निकायका तर्फबाट सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभाग, नेपाल प्रहरी, तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका साथै राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी विकास बोर्ड, राष्ट्रिय सहकारी बैंक लि. तथा नेपाल बैंकर्स संघका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

उद्घाटन सत्रलाई सम्बोधन गर्दै प्रमुख अतिथि गभर्नर महा प्रसाद अधिकारीले संगठित रुपमा सञ्चालन हुने वित्तीय अपराधीहरुलाई निस्तेज पार्न सम्पूर्ण नियमनकारी, सुपरिवेक्षकीय तथा अनुसन्धानकारी निकायहरु पनि थप संगठित हुनुपर्ने र एक-आपसबिचको सहकार्य तथा समन्वयले मात्र सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी विरुद्ध राज्य सफल हुन सक्ने बताउनुभयो ।




कार्यक्रमका विशिष्ट अतिथि तथा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी राष्ट्रिय समन्वय समितिका संयोजक, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव उदयराज सापकोटाले राष्ट्रिय समन्वय समितिले गर्दै आएको महत्वपूर्ण कार्यहरु बारे प्रकाश पार्दै नेपालको हाल भइरहेको तेस्रो चरणको पारस्परिक मूल्याङ्कनले सुझाएका क्षेत्रहरुमा सुधार गर्न आजैदेखि लाग्नुपर्ने बताउनुभयो ।

कार्यक्रमका अर्का विशिष्ट अतिथि, पारस्परिक मूल्याङ्कन मूलसमितिका संयोजक, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव धनराज ज्ञवालीले अन्तर्राष्ट्रिय मापदण्ड अनुसार सम्पत्ति शुद्धीकरण सम्बन्धी १९ वटा कानुनहरु संशोधनका लागि प्रतिनिधीसभामा छलफलकै क्रममा रहेको र छिट्टै संशोधन प्रक्रिया सम्पन्न हुनेमा आफू आशावादी रहेको बताउनुभयो ।

नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक देव कुमार ढकालले सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका लागि नियमनकारी निकाय तथा सुपरिवेक्षकीय निकायहरुको भूमिका बारे सजग बनाउन तथा एक-आपसमा समन्वय गर्ने उद्देश्यमा कार्यक्रम सफल रहेको बताउनुभयो । कार्यक्रममा उपस्थित अतिथिगण तथा सहभागीहरुलाई स्वागत गर्दै आयोजक वित्तीय जानकारी इकाईका प्रमुख तथा निर्देशक दीर्घ बहादुर रावलले AML/CFT सँग सम्बन्धित कार्यहरुका लागि थप राष्ट्रिय समन्वय तथा सहकार्यको खाँचो देखिएको र सो का लागि इकाईले भविष्यमा समेत यस प्रकारको कार्यक्रमहरु गर्दै जाने जानकारी दिनुभयो ।



कार्यक्रमको प्राविधिक सत्रमा इकाईका उप-निर्देशक स्वरूप श्रेष्ठ, नेपाल धितोपत्र बोर्डका निर्देशक रितम्भरा बस्नेत, नेपाल बीमा प्राधिकरणका उप-निर्देशक हृदयश्वर पण्डित तथा सहकारी विभागका उप-रजिष्ट्रार टोलराज उपाध्यायले छुट्टाछुट्टै कार्यपत्रहरु प्रस्तुत गर्नुभएको थियो । चार वटै कार्यपत्रहरुले मुलतः सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका लागि नियमनकारी निकाय तथा सुपरिवेक्षकीय निकायहरुको भूमिका, राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०७६-२०८१) को कार्यान्वयन, पारस्परिक मूल्याङ्कन, goAML System कार्यान्वय, निकायहरुबिचको समन्वय लगायतका विषयहरु समेटेका थिए । सहभागीहरुबिच सो विषयहरुमा वृहद् छलफल तथा अन्तरक्रिया समेत भएको थियो । सहभागीहरुले उठाएका जिज्ञासाहरुलाई नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक, इकाई प्रमुख तथा कार्यपत्र प्रस्तुतकर्ताहरुले सम्बोधन गर्नुभएको थियो ।




कार्यक्रमको अन्त्यमा इकाईका उप-निर्देशक केशव प्रसाद रिमालले सक्रिय सहभागीताका लागि सहभागीहरुलाई तथा  महत्वपूर्ण समयको लागि अतिथिहरुलाई धन्यवाद ज्ञापन गर्दै समापन मन्तव्य राख्नुभएको थियो । इकाईका सहायक निर्देशक अमिष शर्माले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

